# तामाङ्ग समाज पोर्तूगल २०११

## प्रस्तावना

पोर्तूगल आउनु भएका वा रहनुभएका सम्पूर्ण तामाङ्ग दाजु-भाई तथा दिदि बहिनीहरुलाई एकै छाना मूनि संगठित गर्दै तामाङ्ग जाति, भाष, धर्म, भेष-भूषा, कला तथा संस्कृतिलाई संरक्षण गर्दै सर्म्वद्धन र प्रवर्द्धन गर्दै विश्व भर छरेर रहेका तामाङ्ग संघ-संस्था संग समन्वय गरि तामाङ्ग जातिको उच्चतम विकाशमा टेवा पुऱ्याउने गरि गौरवमय साझा सामाजिक संथा "तामाङ्ग समाज पोर्तूगल" को स्थापना भएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

**संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यस संस्थाको नाम "तामाङ्ग समाज पोर्तूगल" रहने छ। अंग्रेजिमा यसलाई **"TAMANG SOCIETY PORTUGAL"** भनिने छ।
(ख) यो विधान संस्थाको कार्यसमितिको पूर्ण वैठकले निर्णय गरि पारित भएको मिति देखि लागु हुने छ।
(ग) यो संस्थाको कार्यलय..............................ठाउंमा रहने छ।
(घ) यो विधान साधरण सभा अधिनस्थ रहने छ।
(ङ) यो संस्थाको एउटा छुट्टै छाप रहने छ। जुन कार्यसमितिले निर्धारण गरे अनुसारको हुने छ।

## परिच्छेद - २

## प्रारम्भिक

(क) "संस्था" भन्नाले तामाङ्ग समाज पोर्तूगल २०११ लाई सम्झनु पर्दछ।
(ख) "सदस्य" भन्नाले संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिलाई सम्झनु पर्दछ।
(ग) "कार्यसमिति" भन्नाले यस विधान बमोजिम गठित "तामाङ्ग समाज पोर्तूगल" २०११ को कार्यसमितिलाई सम्झनु पर्दछ।
(घ) "कोष" भन्नाले यस संस्थाको कोषलाई सम्झनु पर्दछ।
(ङ) "साधरण सभा" भन्नाले विधान बमोजिमको विशेष साधरण सभा वा वार्षिक साधरण सभालाई सम्झनु पर्दछ।

## परिच्छेद - ३

## प्रारम्भिक

**उदेश्यहरु :-**

यस संस्थाले भाषिक, धार्मिक, सास्कृतिक कला, भेष-भूषाको क्षेत्रमा अध्यन अनुसन्धान गर्दै सामाजिक, सामुहिक वा व्यक्तिगत विकाशको निमित्त निम्न लिखित उदेश्यहरु निर्धारण गरेको छ।

(क) पोर्तूगलमा आएका, रहेका सम्पूर्ण तामाङ्ग दाजु-भाई तथा दिदि-बहिनीहरुलाई सास्कृतिक, भाषिक, धार्मिक तथा सामाजिक रुपले कोही कसैको व्यक्तिगत आस्था, विचारमा खलल नपुऱ्याई पारीवारिक वातावरणमा पूर्ण रुपले संगठित गर्ने।
(अ) संगठित गर्नको निमित्त यस संस्थाले विभिन्न कार्यक्रमहरु संचालन गरि संस्थामा आवद्ध गराउने।
(१) यस संस्थाको सदस्य परिचय पत्र निश्चित रकम समाजलाई बुझाई वितरण गर्ने छ।
(२) सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम गरि विकास लोपोन्मुख तामाङ्ग संस्कृतिको भरपुर मनोरञ्जन प्रत्याभूत गराउने।
(३) व्यावहारिक रुपमा सामाजिक र व्यक्तिगत पूर्ण सहयोगको प्रत्याभूत गराउने।

(४) देशमा चलि आएको प्रशासनिक व्यवस्था, नियम, प्रक्रियाको स्थानिय वा वाह्य विशेषशज्ञहरु बोलाई सेमिनार, गोष्ठी तथा आवश्यक अर्न्तरक्रिया छलफल प्रशिक्षणको आयोजना गर्ने, गराउने र सु-सुचित गराउने ।
(५) समयक्रम अनुसार व्यक्तिगत सीपको जानकारी लिदै कामको खोजि गर्ने र जानकारी दिने ।
(६) कार्यसमितिले आवश्यक महशुस गरे आवश्यकता अनुसार आर्थिक सहयोग पनि गर्ने ।
(७) समाजले संञ्चालन गरेको सवै कार्यक्रममा सक्रिय सहभागिता गराउने ।

(ख) आवश्यकता अनुसार नेपालमा पनि यस संस्थाको उदेश्य संग मेल खाएमा वा सहयोग गर्नु पर्ने महशुस भएमा कार्यसमितिको वहुमतले पारित गरि वैचारिक, आर्थिक र तामाङ्गहरुको हित अधिकारको रुपमा सहयोग आधान प्रधान गर्ने ।
(ग) कुनै किसिमको भवितव्य आईपरेमा कार्यसमितिको वहुमतले पारित गरि आवश्यकता अनुसार पिडितलाई सके जति आर्थिक, भौतिक सहयोग प्रधान गर्ने ।
(घ) पोर्तूगलमा रहेका विभिन्न जातीय वा सामाजिक संघ संस्था संग पारस्परिक एकता, सदभाव, एंवम भातृत्व भाव अभिवृद्धि गरि विकाष तथा सुदृढिकरणमा ठोस तथा सकृय सहयोग गर्ने गराउने ।
(ङ) विभिन्न जातिय वा सामाजिक संघ संस्था भित्र उत्पन्न भएका कुनै पनि अनैतिक कार्य वा सो कार्यवाट उत्पन्न समस्यहरुलाई दृष्टिगत गर्दै निरुत्साहित र निराकरण गर्दै असल भातृत्व भाव युक्त समाजको निर्माण गर्ने गराउने ।
(च) N.R.N. वा ज.जा.म. संघमा समावेसी प्रतिनिधित्वको स्थान लिने र यसको निमिक्त संघर्षशिल सक्रिय भुमिका निर्वाह गर्ने गराउने र तिनिहरुमा सशक्तिकरण गराउन पहल गराउने ।
(छ) विश्वको कुनै पनि देश वा भागमा तामाङ्ग जाति, भाष, धर्म , सस्कृति आदिको आघात हुने भेद भाव पूर्ण गति विधिको विरुद्धमा ऐक्यवद्धता जाहेर गर्दै पारास्पारिक सम्वन्ध र भातृत्व भावको विकाष गर्न क्रियशिल भई प्रयत्नशिल रहने ।
(ज) समान उदेश्य भएका विभिन्न मुलुकमा रहेका संस्थाहरु संग पनि पारसपारिक सम्बन्ध राख्दै सामाजिक सास्कृतिक उत्थान गर्ने किसिमको वैचारिक अभिव्यक्ति वा कार्यक्रमा सहभागि हुदै सहयोग आदान प्रदान गर्न गराउने ।
(झ) तामाङ्ग समाजको सर्वाङ्गिण विकास एवंम सशक्तिकरणको लागि कार्यक्रमहरु संचालन गर्दै सदैव क्रियाशिल रहने ।

## परिच्छेद - ४

## आर्थिक व्यवस्था

### कोष

(क) समाजको आफ्नो कोष रहने छ। यसमा सदस्यता शुल्क, आजिवन शुल्क, अनुदान, दान द्रव्य कार्यक्रमबाट उठेका आम्दानी वा विभिन्न श्रोतहरुवाट प्राप्त हुने रकम आम्दानीमा बांधि कोषमा संकलन हुनेछ ।
(ख) कोषको रकम “तामाङ्ग समाज पोर्तूगलको नाममा आर्थिक समितिका सदस्यहरु जवाफदेहि भई हिसाव किताव राखिने छ। यस समितिमा अध्यक्ष, कोषाध्यक्ष एंव सचिव अनिवार्य र थप दुई जना समावेश गर्न सकिने छ। आवश्यकता महशुस भएमा बैंकमा संयुक्त खाता खोलि कोषको रकम जम्मा गर्न सकिने छ।

## परिच्छेद - ५

## कार्य समितिको काम, कर्तव्य र अधिकार

(क) अधिवेसनद्वारा पारित प्रस्तावहरुको साथै निति तथा कार्यक्रमहरुको तर्जुमा गरि निरीक्षण मूल्याङ्कण र विद्यानमा उल्लेखित उद्देश्यहरु प्राप्तिका लागि आवश्यक कार्यहरु गर्ने गराउने ।
(ख) अधिवेशनको आयोजना गर्ने ।
(ग) कार्यसमितिको पधाधिकारिको पदावदी समाप्त भएको मितिले ढिलोमा १५ दिन भित्र महाधिवेशन सम्पन्न गरि क्रियाशिल गराउने ।

## परिच्छेद - ६

## सदस्यता

**(क) सदस्यताको आवश्यकता :-**

(अ) १८ वर्ष पुगेको तामाङ्ग वा तामाङ्गसंग वैवाहिक सम्बन्ध भएको हुनु पर्ने ।

(आ) फौजदारी, अनैतिक, असामाजिक कसुर नभई स्वच्छ छवि भएको हुनु पर्ने ।

**(ख) सदश्यको प्रकार :-**

**(अ) संस्थापक सदस्य :-**

समाजको स्थापना गर्दा यस विद्यानमा हस्ताक्षर गर्ने व्यक्तिहरुलार्य संस्थापक सदस्य भनिने  छ ।

**(आ) साधरण सदस्य :-**

साधरण सदस्य प्राप्त गर्न चाहने व्यक्तिहरुले संस्थालाई सहयोग स्वरुप १०€ बुझाई २ वर्ष सम्म मान्यता हुने गरी साधरण सदस्यता प्राप्त गर्न सकिने छ र थप १०€ तिरि २ वर्षको लागि नविकरण गर्न सकिने छ ।

**(इ) मानर्थ सदस्य :-**

संस्थाको उद्देश्य परिपुर्तिका लागि महत्वपूर्ण योगदान पुऱ्याएका र पुऱ्याउनु हुने सम्मानित व्यक्तिहरुलाई कार्य समितिले यस किसिमको सदस्यता दिन सकिने छ । यस किसिमको सदस्यले कार्य समितिमा उमेदवार दिन वा कार्य समितिको सदस्यमा भोट हाल्न भने पाउने छैन ।

**(ई) साधरण सदस्यको अयोग्यता :-**

अयोग्यता सम्वन्धि निर्णय गर्ने अधिकार कार्य समितिको हुने छ । त्यस्ता व्यक्तिलाई संस्थाको कुनै पनि संस्थाको संस्थागत कार्यक्रममा समावेश हुन रोक लगाईने छ ।

**(उ) सदस्यताको समाप्ति :-**

देहायको अवस्थामा कुनै पनि सदस्यको सदस्यता समाप्त हुने छ ।

(१) राजिनामा दिएमा ।

(२) संस्थाको हित विपरित कुनै काम गरेको वा संस्थाको सम्पति हिनामिना गरेको विषयमा संस्थाको कार्यकारिणीको दुई तिहाई वहुमतले ठहर गरेमा ।

(३) सदस्यता नविकरण नगरेमा ।

(४) सदस्यको मृत्यु भएमा ।

## परिच्छेद - ७

## साधारण सभा तथा कार्य समिति

विद्यान वमोजिम सदस्यता ग्रहण गरेका यस संस्थाका सम्पूर्ण सदस्यहरु भएका सभालाई साधारण सभा भनिने छ । साधारण सभा यस संस्थाका सर्वोच्च अंग हुने छ ।

**(क) साधारण सभा**

(अ) साधारण सभा वर्षमा एक पटक कार्य समितिले तोकेको समय र ठाउमा हुनेछ  तर कार्य समितिको दुई तिहाई सदस्यले कार्य समितिको अध्यक्ष समक्ष विषेश साधरण सभा बोलाउनको निमित्त लिखित निवेदन दिएमा विषेश साधरण सभा बोलाउनु पर्ने छ ।

(आ) आवश्यक परेमा त्यस्तो साधरण सभा कार्य समितिले तोकेको बमोजिम अन्य स्थानमा पनि बस्न सकिने छ ।

(इ) साधरण सभाको वैठक तोकिएको समयमा अध्यक्षले बोलाउने छ ।

(ई) कार्य समितिको अध्यक्ष वा निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष नभएको अवस्थामा कार्य समितिले तोकेको सदस्यले साधरण सभाको अध्यक्षता गर्ने छ ।

**(ख) कार्य समितिको वैठक :-**

(अ) कार्य समितिको वैठक आवश्यकता अनुसार कम्तिमा वर्षको ६ पटक बस्ने छ ।

(आ) ५१% सम्मको उपस्थितिमा वैठकको गणपुरक संख्या हुने छ ।

(इ) कार्यसमितिको निर्णय बहुमतबाट पारित हुने छ ।

## परिच्छेद - ८

कार्यसमितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

**(क) अध्यक्ष**

(अ) संस्थाको प्रमुखको रुपमा कार्य गर्ने/नेतृत्व प्रदान गर्ने ।

(आ) वैठकलाई अध्यक्षता गर्ने ।

(इ) मत बराबर भएमा निर्णायक मत दिने ।

(ई) संस्थाको सम्पूर्ण सम्पत्तिको संरक्षण गर्ने ।

(उ) आवश्यकता अनुसार वैठक बोलाउने ।

**(ख) उपाध्यक्ष**

(अ) अध्यक्षको काममा सहयोग गर्ने ।

(आ) अध्यक्षको अनुपस्थितिमा कार्य वाहक अध्यक्षको रुपमा अध्यक्षले गर्ने सम्पूर्ण काम गर्ने ।

(ई) अध्यक्षद्वारा प्रत्यायोजित भएमा अन्य सम्पूर्ण कार्य गर्ने ।

(ई) अध्यक्षले समयमा वैठक नबोलाएमा उपाध्यक्षले बैठक बोलाउन सक्ने छ ।

**(ग) सचिव**

(अ) अध्यक्षको सल्लाह र निर्देशन बमोजिम सभा तथा कार्य समितिको वैठक बोलाउने ।

(आ) वैठकमा छलफलको बुदाहरु पेश गर्ने । वैठक संचालन गर्ने र निर्णयको अभिलेख राख्ने ।

(इ) संस्थाको सम्पूर्ण कागजपत्रहरु र छाप जिम्मा लिने ।

(ई) संस्थाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण औपचारिक लेखापढी गर्ने ।

(उ) माइन्युटिङ्ग बुक जिम्मा लिने ।

(ऊ) प्रगति विवरण पेश र आगामी वर्षको कार्यक्रम पेश गर्ने ।

(ए) अध्यक्ष वा उपाध्यक्ष अनुपस्थित भएको अवस्थामा अधिकार प्रयोजन गरि सचिवले पूर्ण काम कार्वाही गर्ने छ ।

**(घ) कोषाध्यक्ष**

(अ) संस्थाको लेखा दुरुस्त राख्ने ।

(आ) आर्थिक कोष संचालन गर्ने ।

(इ) साधरण सभामा आर्थिक प्रतिवेदन पेश गर्ने ।

(ई) वार्षिक आय व्यायको विवरण तयार गरी आर्थिक आन्तिरिक लेखा परिक्षण गर्ने ।

**(ङ) सदस्यहरु**

(अ) कार्य समितिले तोके बमोजिम कार्य गर्ने ।

(आ) संस्थाको कार्यक्रमको रेखदेख गर्ने ।

(इ) विद्यान बमोजिमको अन्य काम गर्ने ।

**(च) राजिनामा**

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिमा र अन्य पदाधिकारी वा सदस्यले अध्यक्ष समक्ष राजिनामा दिई अवकाश लिन सक्ने छन ।

## परिच्छेद - ९

## विविध

**(क) निर्वाचन सम्बन्धी व्यवस्था :-**

(अ) कार्यसमितिले हरेक २ वर्षमा निर्वाचनको लागि एक निर्वाचन समितिको गठन गर्ने छ ।

(आ) निर्वाचन समितिले आफ्नो कार्यविधि आफै तय गर्ने छ ।

(इ) निर्वाचन सम्बन्धमा निर्वाचन समितिको निर्णयनै अन्तिम हुने छ ।

(ई) निर्वाचन सम्पन्न भए पछि सो समिति स्वत्त विघटन हुने छ ।

**(ख) व्याख्या :-**

यो विद्यानको व्याख्या गर्न अन्तिम अधिकार कार्य समितिलाई हुने छ ।

**(ग) गोप्यता भँङ्ग गर्न नहुने :-**

यस संस्थाको कुनै पनि पदाधिकारी वा सदस्यहरुले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्यसमितिका वा अन्य सदस्यले वैठक वा सभामा असभ्य र अश्लिल शब्द प्रयोग गर्नु हुदैन ।

**(घ) नियम बनाउने :-**

यो विद्यानको अधिनमा रहि कार्यसमितिले सदस्यहरुको योग्यता, आचारसंहिता तथा सदस्यता प्रदान गर्ने विधि सम्बन्धि तथा अन्य आवश्यक विषयमा नियमहरु बनाई लागु गर्न सकिने छ ।

**(ङ) अविश्वासको प्रस्ताव :-**

संस्थाको कुनै पनि पदाधिकारी वा सदस्य उपर कारण सहित १/४ सदस्यको लिखित प्रस्तावमा साधारण सभा समक्ष अविश्वासको प्रस्ताव पेश हुन सक्ने छ । सम्बन्धित पदधिकारी वा सदस्यलाई अविश्वासको प्रस्ताव सम्बन्धमा लिखित जानकारी गराई सफाई पेश गर्न ७ दिनको समय दिईने छ । साधरण सभाको कुल सदस्यको २/३ ले त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पदको व्यक्ति पद मुक्त हुने छ । चुनाव बाट निर्वाचित ६ मनिा नपुगेको व्यक्ति माथि यस्तो प्रस्ताव ल्याउन पाउने छैन । सचिवालयले आपतकालिन वैठक बोलाई निर्णय गरि पारित गराउन सक्ने छ तर त्यसको जानकारी २ हप्ता भित्र कार्यसमितिको बैठक बोलाई जवाफदेहिका साथ पूर्ण जानकारी दिनु पर्ने छ ।

❖❖❖